**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०५ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु भोलि दुई दिवशीय आधिकारिक भ्रमणमा दार्जीलिङ आउनु हुनेछ।
- केन्द्रीय वाणिज्य एवं उद्योग राज्यमन्त्री जितिन प्रसादले उत्तर बंगालमा चिया बगानहरुका लागि केन्द्र सरकारले चाँडै नै ' व्यापक प्याकेज' ल्याउने तयारी गरिरहेको बताउनु भएको छ ।
- पश्चिम बंगालमा आगामी विधानसभा चुनाव प्रचारका लागि भारतीय जनता पार्टीको परिवर्तन यात्रा आजदेखि शुरु भएको छ।
- राज्यसभा चुनाव २०२६ का लागि तृणमूल कांग्रेस अनि भाजपा का उम्मेदवारहरूले आज आधिकारिक रूपमा नामांकन पत्र दर्ता गरेका छन्।
- उत्तर बंगालको तीरान्दाज प्रतिभाहरुलाई पहिचान गर्न सिलगडीमा ओलम्पियाड जितु राई अकादमी शुरु हुने भएको छ।

**राष्ट्रपति-भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मु भोलि दुई दिवशीय आधिकारिक भ्रमणमा दार्जीलिङ आउनु हुनेछ। राष्ट्रपति पद सम्हालेपछि उहाँको यो पहिलो दार्जीलिंग पहाड भ्रमण हो, जसलाई लिएर दार्जीलिङ र उत्तर बंगालमा विशेष उत्साह देखिएको छ।राष्ट्रपति मुर्मु भोलि दिउँसो लेबोङ हेलिप्याडमा अवतरण गर्नुहुने कार्यक्रम छ। त्यहाँबाट उहाँ सडक मार्ग हुँदै दार्जीलिङ स्थित लोकभवन जानुहुनेछ। उहाले अपराह्न ४ बजे एउटा भव्य नागरिक अभिनन्दन अनि सांस्कृतिक कार्यक्रममा भाग लिनुहुनेछ। राष्ट्रपति द्रौपदी मुर्मुको भ्रमणलाई ध्यानमा राख्दै दार्जीलिङ प्रशासनले सुरक्षा व्यवस्था कठोर पारेको छ।

**केंद्रीय वाणिज्य एवं उद्योग राज्य मंत्री -"व्यापक पैकेज"**

केन्द्रीय वाणिज्य एवं उद्योग राज्यमन्त्री जितिन प्रसादले उत्तर बंगालमा चिया बगानहरुका लागि केन्द्र सरकारले चाँडै नै ' व्यापक प्याकेज' ल्याउने तयारी गरिरहेको बताउनु भएको छ । उहाले जलपाइगुडी जिल्लाको चिया बगानहरुको अवलोकन गरे पछि यस आशाय को जानकारी दिनुभएको हो ।
केन्द्रीय राज्यमन्त्री जितिन प्रसादले चिया उद्योगसँग सम्बन्धित वर्तमान समस्या बुझ्न र समाधानका लागि केन्द्र सरकार गम्भीर भएर लागिपरेको बताउनु भएको छ । चिया उद्योगको वास्तविक अवस्थाको जानकारी आकलन गर्न र कर्मचारीसँग सम्बन्धित विषयमा पनि चर्चा गर्न सकिने उद्देश्यका साथ आफ्नो उत्तर बंगाल भ्रमण भएको बताउनुभएको छ । उहाले वाणिज्य तथा उद्योग मन्त्रालय अन्तर्गत चिया बोर्ड सञ्चालन हुने र भारतीय चियाको निर्यात कसरी बढाउन सकिन्छ भन्नेबारे मन्त्रालयले विचार गरिरहेको बताउनु भएको छ । देशको चियाको माग निकै बलियो रहेको र गुणस्तरमा सुधार ल्याएर अन्तर्राष्ट्रिय बजारमा चियाको निर्यात बढाउन सकिने सम्भावनाको खोजी भइरहेको बताउनुभयो ।

**पश्चिम बंगाल - विधानसभा चुनाव प्रचार**

पश्चिम बंगालमा आगामी विधानसभा चुनाव प्रचारका लागि भारतीय जनता पार्टीको परिवर्तन यात्रा आजदेखि शुरु भएको छ। बंगालमा नौ स्थानमा र्याली निकालिएको थियो। परिवर्तन यात्राको प्रचार नाराहरूमा पश्चिम बङ्गाल सरकारी कर्मचारीहरूका लागि सातौं वेतन आयोग लागू गर्ने, राज्य सरकारका रिक्त पदहरूमा भर्ती, घुसपैठीहरूको निष्कासन र पश्चिम बङ्गालको सीमाको सुरक्षा समावेश छ। भाजपाका नेता अनि केन्द्रीय मन्त्रीहरूले विभिन्न स्थानहरुमा रैलीमा भाग लिए। जसमा डा. सुकान्त मजुमदार, गिरिराज सिंह, जितिन प्रसाद, सावित्री ठाकुर र उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामी रहेका छन्।

**पश्चिम बंगाल - विधानसभा चुनाव - भारतीय जनता पार्टी -परिवर्तन यात्रा**

पश्चिम बंगालमा विधानसभा चुनावअघि भारतीय जनता पार्टीले आज कल्याणेश्वरी मन्दिरमा पूजाआजा गर्दै परिवर्तन यात्रा सुरु गरेको छ। कार्यक्रममा भाजपा जिल्ला अध्यक्ष देवतनु भट्टाचार्य, विधायक (कुल्ती) डा. अजय पोद्दार, आसनसोल दक्षिण विधानसभाका विधायक अग्निमित्रा पाल, भाजपा नेता कृष्णेन्दु मुखर्जी, कृष्ण प्रसाद र सयौं नेता र कार्यकर्ता उपस्थित थिए। पश्चिम बर्दवानस्थित कल्याणेश्वरी मन्दिरमा पूजाआजा गरेर परिवर्तन यात्रा शुरु भएको जिल्ला अध्यक्ष देवतनु भट्टाचार्यले जानकारी दिनुभयो । यो परिवर्तन यात्रा पश्चिम बर्दवान, पुरुलिया, बाँकुरा र विष्णुपुर गरी चार जिल्लामा भ्रमण गर्नेछ । आज यो यात्रा पश्चिम बर्दवान जिल्लाको बाराबनी विधानसभा क्षेत्रको गोराण्डी गाउँ हुँदै जमुडिया र अन्डाल पुग्नेछ। अन्डालदेखि रानीगञ्ज विधानसभा निर्वाचन क्षेत्रसम्म यो आसनसोल दक्षिण विधानसभा क्षेत्रको बारी मैदानमा रातको लागि रोकिनेछ। शुक्रबार बिहान परिवर्तन यात्रा भगत सिंह मोरबाट फेरि सुरु हुनेछ जुन कुल्टी विधानसभा क्षेत्र हुँदै पुरुलियातर्फ जानेछ। यसैबीच आसनसोलको बाराबनी क्षेत्रमा भाजपाको परिवर्तन यात्रामा आक्रमणको घटना प्रकाशमा आएको छ।आरोप छ , तृणमूल कांग्रेसका कार्यकर्ताहरूले पुलिसको उपस्थितिमा परिवर्तन यात्रामा आक्रमण गरेका थिए। यस क्रममा दुवै पार्टीका कार्यकर्ताबीच झडप भएको थियो । सुत्र अनुसार घटनामा कैयौँ घाइते भएका छन्। घटनाको सूचना पाउनेबित्तिकै केन्द्रीय बल घटनास्थलमा पुग्यो र स्थिति नियन्त्रणमा लिने प्रयास गर्यो। स्थितिलाई मध्यनजर गर्दै घटनास्थलमा ठूलो संख्यामा पुलिस तैनाथ गरिएको छ। भारतीय जनता पार्टी ले परिवर्तन यात्रामा लगातार भइरहेको आक्रमणको कठोर विरोध गर्दै ठूलो आन्दोलन गर्ने चेतावनी दिएको छ। यस्ता घटना कुनै पनि हालतमा सहन नहुने पार्टीका नेताहरुले बताएको छ।

**राज्यसभा चुनाव-उम्मेद्वार-नामांकन**

राज्यसभा चुनाव २०२६ का लागि तृणमूल कांग्रेसका उम्मेदवारहरूले आज आधिकारिक रूपमा नामांकन पत्र दर्ता गरेका छन्। तृणमूल कांग्रेसले अभिनेत्री कोयल मलिक, वरिष्ठ अधिवक्ता मेनका गुरुस्वामी, पूर्व पुलिस महानिर्देशक राजीव कुमार र मन्त्री बाबुल सुप्रियोलाई उम्मेदवार बनाएको छ। नामांकन सँगै राज्यको राजनीतिमा माथिल्लो सदनलाई लिएर उत्साह बढेको छ। तृणमूल कांग्रेसले घोषणा गरेका उम्मेदवारमध्ये पूर्व केन्द्रीय मन्त्री बाबुल सुप्रियो हाल पश्चिम बंगाल सरकारमा सूचना प्रौद्योगिकी एवं इलेक्ट्रोनिक्स बिभागका क्याबिनेट मन्त्री हुन्। राजिव कुमार राज्यका पूर्व पुलिस महानिर्देशक हुन्। मेनका गुरुस्वामी संवैधानिक मामिलामा विशेषज्ञता हासिल गर्ने वरिष्ठ अधिवक्ताको रूपमा चिनिन्छिन् भने कोयल मलिक बङ्गाली चलचित्र उद्योगकी एक प्रमुख अभिनेत्री हुन्। राजनीतिक विश्लेषकहरू यी नामहरूमार्फत तृणमूलले राजनीतिक, प्रशासनिक, कानुनी र सांस्कृतिक क्षेत्रलाई सन्तुलनमा राख्ने रणनीति अपनाएको बताएका छन्। यसैबीच, भाजपाका उम्मेदवार राहुल सिन्हाले पनि नामांकन पत्र दर्ता गर्नुभएको छ। उहाले बङ्गालको कल्याण र विकासका लागि सामूहिक प्रयासको प्रतिबद्दता दोहोर्याउनु भएको छ। १० राज्यका ३७ राज्यसभा सिटहरुमा द्विवार्षिक चुनाउ १६ मार्चमा हुँदैछ र सोही दिन मतगणना हुनेछ। अपरान्ह ५ बजे मत परिणाम घोषणा हुने सम्भावना छ। महाराष्ट्र, उडिसा, तमिलनाडु, पश्चिम बंगाल, असम, बिहार, छत्तिसगढ, हरियाणा, हिमाचल प्रदेश र तेलंगानासहित विभिन्न राज्यबाट निर्वाचित ३७ सदस्यको कार्यकाल अप्रेलमा समाप्त हुदैछ र यी सीटहरु रिक्त हुँदैछ। नामांकन दर्ता गर्ने अंतिम मिति 05 मार्च थियो। नामांकन पत्रहरूको जाँच ६ मार्चमा हुनेछ र उम्मेदवारहरूले ०९ मार्च सम्म आफ्नो नाम फिर्ता लिन सक्ने छन्। निर्वाचन आयोगको निगरानीमा निर्धारित समयभित्र सम्पूर्ण प्रक्रिया सम्पन्न गरिनेछ।

**युवा मामिला र खेल मन्त्रालय-'मेरा युवा भारत**

युवा मामिला एवं खेल मन्त्रालयले भनेको छ , 'मेरा युवा भारत बजेट प्रतियोगिता २०२६' लाई देशभरिका युवाहरूबाट उत्साहजनक प्रतिक्रिया प्राप्त भएको छ। यस अभियानको दोस्रो चरणमा लगभग ४७ हजार निबन्ध जमा भएका छन्।यस प्रतियोगिताको उद्देश्य युवा नागरिकहरूलाई केन्द्रीय बजेटसित संलग्न हुन प्रोत्साहित गर्नु र बर्ष २०४७ सम्म विकसित भारतको परिकल्पनाका लागि आफ्ना विचारहरू प्रस्तुत गर्नु हो। विजेताहरूले १५ मार्च देखि प्रधानमन्त्री नरेन्द्र मोदीसमक्ष आफ्नो बजेट सम्बन्धि विचार प्रस्तुत गर्ने अवसर पाउनेछन्।

**राज्य  कानून मंत्री -सिलीगुड़ी - अत्याधुनिक अदालत भवन**

राज्यका कानुनमन्त्री मलय घटकले सिलिगुडीमा अत्याधुनिक अदालत भवन निर्माण गर्ने आश्वासन दिनुभएको छ l आज सिलगुडी अदालत पुगेर वकिलहरूसँग बैठक गर्दै  उनीहरूका समस्या र लामो समयदेखिको मागबारे चर्चा गर्नुभयो ।वास्तवमा, लामो समयदेखि सिलिगुडीमा आधुनिक र राम्रो बुनियादी ढाचा विकास  सुविधाहरूले सुसज्जित अदालत भवन निर्माण गर्न माग उठिरहेको  थियो। यसलाई मध्यनजर गर्दै कानुनमन्त्री सबैभन्दा पहिले बार एशोसिएसनमा पुगे र वकिलहरूको कुरा ध्यान दिएर सुने ।पत्रकारहरूसँग बातचीत गर्नुहुदै मंत्री घटकले भन्नुभयो - राज्य सरकारले यस अधि कतिपय  जिल्लाहरुमा नयाँ अदालत भवनहरू निर्माण गरिसकेको छ। राज्य  सरकारको पहलमा जलपाइगुडीमा सर्किट बेञ्चको भवन पनि निर्माण भइसकेको छ ।कानुनमन्त्री श्री घटकले सिलिगुडीमा लगभग  दस तलाको अत्याधुनिक अदालत भवन निर्माण गर्ने योजना रहेको बताउनु भएको छ  । तर, निर्माण कार्य सुरु गर्नुअघि उच्च अदालतको स्वीकृति आवश्यक पर्छ । यो प्रक्रियाको लगभग  ८० प्रतिशत काम सम्पन्न भइसकेको र उच्च अदालतबाट अनुमति प्राप्त हुनासाथ छिट्टै निर्माण कार्य सुरु गरिने उहाले बताउनुभएको छ  l

**पश्चिम बंगाल - आगामी विधानसभा चुनाव तयारी**

चुनाउ  आयोगले आगामी विधानसभा चुनावका लागि बङ्गलादेशसँग सीमा जोडिएको उत्तर बङ्गालको दक्षिण २४ परगना र कुचबिहार जिल्लामा चुनाउ  तयारीमा ढिलाइ भएकोमा  चिन्ता व्यक्त गरेको छ । चुनाउ  आयोगले पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीको कार्यालयलाई लिखित रूपमा सूचित गरेको छ की  यी दुई जिल्लामा चुनावको तयारीको अपेक्षा अनुरुप ठीक छैन । सुत्र  अनुसार आयोगको वरिष्ठ नेतृत्व टोलीले नयाँ दिल्लीबाट भर्चुअल समीक्षा बैठक आयोजना गर्यो , जसमा जिल्ला स्तरीय निर्वाचन अधिकारीहरू, वरिष्ठ कर्मचारीहरू र पुलिस अधिकारीहरूसँग कुराकानी गरिएको थियो। यस समीक्षाको उद्देश्य चुनाउ संयन्त्रको तयारीको समीक्षा गर्नु थियो। समीक्षाको क्रममा एकत्रित जानकारीहरूको आधारमा, आयोगले तयारीको गति र गुणस्तरमा धेरै कमजोरीहरू पहिचान गरेको छ । होलीको अवसरमा हिज छुट्टी भए पनि उप चुनाउ  आयुक्त ज्ञानेश भारतीले अबेर राति जिल्ला मजिस्ट्रेट सहित पश्चिम बंगालका चुनाउ  अधिकारीहरूसँग भर्चुअल बैठक गर्नुभयो । बैठकले दक्षिण २४ परगना र बिहारमा ढिलो प्रगति भएकोमा असन्तुष्टि व्यक्त गर्दै चुनाउ  प्रक्रियाको सुचारु र पारदर्शी सञ्चालनको तयारीलाई छिटो गर्न अधिकारीहरूलाई निर्देश दिएको छ। अधिकारीहरूले भनेको छ, ज्ञानेश भारतीले अर्को भर्चुअल बैठक आयोजना गर्नुहुनेछ  जसमा तयारीलाई गति दिन र समीक्षाको क्रममा देखिएका कमजोरीहरू हटाउन आवश्यक उपायहरू बारे चर्चा  गरिनेछ। चुनाउ आयोगको सम्पूर्ण पीठ   ८ मार्चको राति पश्चिम बंगाल आइपुग्नेछ । यस पछि  09 र 10मार्च मा आयोगले राज्य प्रशासन र चुनाउ अधिकारीहरूसँग व्यापक विचार-विमर्श गर्नेछ। बैठकहरू राज्यको चुनावी तयारीका साथै "तार्किक विसंगति" श्रेणीमा राखिएको मतदाता दस्तावेजहरूको न्यायिक जाचमा पनि ध्यानकेन्द्रित हुनेछन्।

भाजपा – खर्साग -ज्ञापन

भारतीय जनता पार्टी दार्जिलिङ जिल्ला समितिको एक प्रतिनिधि मण्डलले आज खरसाङ महकुमा शासक कार्यालयमा SIR मतदाता सूची सम्बन्धी विषयमा एक ज्ञापन पत्र बुझाएको छ। ज्ञापन पत्रमा विशेषगरी मतदाता नामावलीबाट नाम हटाइएको तथा “निर्णय अन्तर्गत” मा राखिएका विषयमा ध्यानाकर्षण गराइएको छ।भाजपा प्रतिनिधि मण्डलले धेरै वास्तविक तथा योग्य मतदाताहरूको नाम मतदाता सूचीबाट हटाइएको वा “निर्णय अन्तर्गत” मा राखिएको विषयले जनतामाझ अन्योल र चिन्ता उत्पन्न गरेको उल्लेख गर्दै यस विषयमा प्रशासनले गम्भीरतापूर्वक जाच  गर्नुपर्ने माग गरेको छ। ज्ञापन पत्रमार्फत सम्बन्धित अधिकारीहरूलाई मतदाता सूचीको पारदर्शी रूपमा पुनः जाँच गरी वास्तविक मतदाताहरूलाई कुनै प्रकारको अन्याय वा असुविधा नहोस् भन्ने सुनिश्चित गर्न आवश्यक कदम चाल्न आग्रह गरिएको छ।भाजपा दार्जिलिङ जिल्ला समितिले जनताको अधिकार र समस्याका विषयमा सदैव आवाज उठाइरहने तथा प्रभावित नागरिकहरूलाई न्याय दिलाउन निरन्तर प्रयास गरिरहने बताएको छ।

**पद्मश्री**

पद्मश्री २०२६ पुरस्कारबाट सम्मानित डा. गम्भीर सिंह योन्जोनलाई  दार्जिलिङ वेलफेयर सोसाइटी–कालिम्पोङ च्याप्टरले सम्मान गरेको छ। कार्यक्रममा राज्यसभा सासद हर्षवर्धन श्रृंगला प्रमुख रूपमा उपस्थित हुनुहुन्थ्यो भने उहाँकै बाहुलीबाट योन्जनलाई सम्मानित गरियो। यसैबीच कार्यक्रममा सहभागी हुन पाउँदा आफूलाई गौरवान्वित महसुस भएको राज्य  सासद हर्षवर्धन

श्रृंगलाले बताउनु भयो। उहाले पद्मश्री योन्जोनलाई पदश्री सम्मान प्रदान गरेर माननीय राष्ट्रपति श्रीमती द्रौपदी मुर्मू र प्रधानमन्त्री नरेन्द्र मोदीले केवल उहाँलाई मात्र होइन सम्पूर्ण गोर्खा समुदायलाई पनि सम्मान दिनुभएको बताउनु भयो। कार्यक्रममा कालेबुंग क्षेत्रका विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू—पूर्व सैनिक, खेलाडी, सामाजिक संस्था, विद्यार्थी तथा युवाहरूको उपस्थिति रहेको थियो।

**भाजपा – राजेन मुखिया- एसआईआर**

भारतीय जनता पार्टी दार्जिलिङ जिल्ला समितिका उपाध्यक्ष राजेन मुखियाले एसआईआर प्रक्रिया सम्बन्धी देखिएको नाम कटौती विवादमा राज्य सरकारका कर्मचारीहरूलाई जिम्मेवार ठहराएका छन्। श्री मुखियाले एक पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै एसआईआर सूचीबाट वास्तविक मतदाताहरूको नाम काटिएको विषयमा स्पष्ट पार्दै भन्नुभयो -,यो प्रक्रियामा त्रुटि भएको भए त्यसको जिम्मेवारी राज्य सरकार अन्तर्गत कार्यरत सम्बन्धित कर्मचारीहरूको हो। यसमा भाजपा वा केन्द्र सरकारलाई दोष दिनु सरासर राजनीतिक भ्रम फैलाउनु हो।

**उत्तर बंगाल- सुटिङ प्रतिभा**

उत्तर बंगालको तीरान्दाज प्रतिभाहरुलाई पहिचान गर्न ओलम्पियाड जितु राई एकेडेमी सुरु हुने भएको छ। जितु राई तीरान्दाज अकादमी २६मार्च देखि शिव मन्दिरको न्यू रोगियामा खुल्ने भएको छ। सिलगुडी मा आयोजित पत्रकार सम्मेलनमा अर्जुन जितु राईले - उत्तर बंगालमा धेरै तीरान्दाज प्रतिभाहरू छन् जसलाई सही ठाउँमा अग्रसर गराउनु र सहि मंच प्रदान गर्नुनै अकादमीको उदेश्य रहेको बताउनुभयो ।

****** ० ******